# लिखु तामाकोशी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
# महिला ,बालबालिका तथा जेष्ठ नागरिक  शाखा
# धोबी बजार ,रामेछाप ।

*आउनुहोस आज संसार अनि समाजको कुरा गरौं, कुरा गरौं समाजको अनि संसारको अनि साथै यो समाजका केही अपरिहार्य शक्तिको, नारी शक्तिको* ।

## मार्च ८ अर्थात फागुन २४ मा नारी\महिला दिवसको अवसरमा हुने लोकगित गायन प्रतियोगिता कार्यक्रम प्रस्तावना २०७९


**प्रस्तावक**

**महिला बालबालिका तथा जेष्ठ नागरिक  शाखा**

**लिखु तामाकोशी गाउँपालिका**

**धोबी बजार रामेछाप ,।**

**सुमित्रा बस्नेत**

## परिच्छेद  १ परिचय तथा पृष्टभुमी

१) परिचय\पृष्टभुमी

२) उद्देश्य

३) कार्यक्रम सञ्चालन तथा स्थानः

४) कार्यक्रम सञ्चालन विधि

५) कार्यक्रमका विजेतालाई पुरस्कारको व्यवस्था

६) कार्यक्रममा देखिएका समस्या

७) समस्या समाधानका उपायहरु

८)  कार्यक्रम सहजिकरण समिति

९) कार्यक्रमको खर्च तथा कुल लागत

१०) प्रस्तावको तयारी

११) कार्यक्रमको माईन्युट, तथा अन्य

# परिच्छेद एकः पृष्ठभूमि तथा परिचय

## १. नारी दिवस\महिला दिवस( मार्च ८) फागुन २४ कार्यक्रमको परिचयः

आउनुहोस आज संसार अनि समाजको कुरा गरौं, कुरा गरौं समाजको अनि संसारको अनि साथै यो समाजका केही अपरिहार्य शक्तिको, नारी शक्तिको। आमाको काख, दिदी-बहिनीको स्नेह, श्रीमति अनि मायालुको माया, यी सबै नारीपात्र अनि यिनको प्रगाढ मायाको पछ्यौरी भित्र नै एउटा पुरुषको जीवनका अवयवहरु चलायमान हुन्छन्, आज तिनै नारीहरुको अन्तर्राष्ट्रिय दिवस्, मार्च ८ अर्थात अन्तर्राष्ट्रिय नारी दिवस्, यस दिवसलाई महिला दिवस पनि भन्ने गरिएको छ। अन्तर्राष्ट्रिय महिला दिवस महिला जागरूकताको दिवस पनि हो।

आज संसारले यसअर्थमा नारी दिवसको यो दिन नेपालीले राष्ट्रको महत्वपूर्ण नेतृत्व तहमा मातृत्वलाई गरेको छनौटलाई वेवास्ता गर्न सक्दैन तर पनि कमजोर कानूनी प्रावधान अनि नेपाली समाजको पैतृक लैङ्गीक संरचनाका कारण दैनिकजसोका समाचारमा महिला हिंसाका कैंयन घटना सार्वजनिक हुन्छन्, कति कानूनी उपचारको बाटोमा लाग्छन् भने कति घटना समाजका अनेक मुखौटाबिच लुकाइन्छ, दबाइन्छ।

समाजमा व्याप्त अतिवादी सोंच र संकिर्ण धार्मिक चिन्तनबाट समाज यति ग्रस्त छ की २१ औ शताब्दिको यो अत्याधूनिक यूगमा बोक्सिको आरोपमा मानव मलमूत्र खुवाइन्छ, जङ्गली समाजिक संरचनाका छवीहरू तब देखिन्छन जब एउटी महिला निरिह कुटिन्छिन, पिटिन्छिन, अपमानित हुन्छिन् पुरानो उखान छ, "यत्र नार्यस्तु पूज्यन्ते रमन्ते तत्र देवता"... अर्थात्, "जहाँ नारी पूजिन्छिन त्यहाँ देवता रम्दछन्" तर लक्ष्मी पूजिने देशमा लक्ष्मीको अस्मिता निरन्तर लुटिएकै छ, चुटिएकै छ... सतिले सरापेको देशको दाग त्यतिकै भएको हैन लाखौं सामाजिक संकिर्णताका सिकार महिलाहरूको आशु नै हो जो अहिले कुनै अर्को कारणले बगेकै, धेरै कारणले समस्या यथावतै छ।

आजका दिन संसारभरि विभिन्न कार्यक्रमहरु गरेर सामाजिक, आर्थिक लगायत विकासका अन्य धेरै आयामहरुमा नारीहरुको सक्रिय सहभागीता अनि नेतृत्वको प्रशंसा गरिन्छ संसारमा लैङ्गीक समानता एउटा अभियान केवल लमतन्न नारा मात्र भएको छ, निकै विकसीत भनिएका देशहरु पनि नारी उत्पीडन अनि असमानताका मुद्दाहरू लुकाएर बसिरहेका छन् तथापि नेपालले भने यसपाला नारी समानतामा एउटा यूगान्तकारी, गौरवशाली अनि संसारलाई नै उदाहरणीय कदम चालेर देखाइदिएको छ।

आज संसारले यसअर्थमा नारी दिवसको यो दिन नेपालीले राष्ट्रको महत्वपूर्ण नेतृत्व तहमा मातृत्वलाई गरेको छनौटलाई वेवास्ता गर्न सक्दैन तर पनि कमजोर कानूनी प्रावधान अनि नेपाली समाजको पैतृक लैङ्गीक संरचनाका कारण दैनिकजसोका समाचारमा महिला हिंसाका कैंयन घटना सार्वजनिक हुन्छन्, कति कानूनी उपचारको बाटोमा लाग्छन् भने कति घटना समाजका अनेक मुखौटाबिच लुकाइन्छ, दबाइन्छ।

## पृष्ठभूमिः

तपाईंले अन्तर्राष्ट्रिय महिला दिवसको बारेमा सुन्नु भएको छ । सञ्चारमाध्यमहरुमा यससँग सम्बन्धित समाचारहरू पनि हेर्नुभएको छ। तर किन यो दिवस मनाइन्छ? र यो कहिलेबाट मनाउन सुरु भयो ? यो विरोध हो कि उत्सव? तपाईंलाइ थाहा छ? किन मनाइन्छ त अन्तर्राष्ट्रिय महिला दिवस। अन्तर्राष्ट्रिय महिला दिवस एक श्रम आन्दोलन थियो। जुन संयुक्त राष्ट्र संघले वार्षिक कार्यक्रमका रुपमा अनुमोदन गरेको थियो। सुरुवात सन् १९०८ मा भयो। जब १५ हजार महिलाहरूले न्यूयोर्क शहरमा काम गर्ने घण्टा कम गर्न, तलब बढाउन र मतदानको अधिकारको माग गर्दै विरोध प्रदर्शन गरेका थिए।

एक वर्ष पछि, अमेरिकन समाजवादी पार्टीले पहिलो पटक राष्ट्रिय महिला दिवस मनाउन थाल्यो। तर यस दिनलाई अन्तर्राष्ट्रिय बनाउने कुरा क्लारा जेटकिन नामकी महिलाको दिमागमा आयो। उनले आफ्नो विचार १९१० मा कोपेनहेगनमा कार्यरत महिलाको अन्तर्राष्ट्रिय सम्मेलनमा दिएकी थिईन्।

यो सम्मेलनमा १७ देशका १०० महिला प्रतिनिधिहरू उपस्थित थिए सबैले क्लाराको सल्लाहलाई स्वागत गरे। यस पछि अन्तर्राष्ट्रिय महिला दिवस पहिलो पटक १९११ मा अष्ट्रिया, डेनमार्क, जर्मनी, स्विजरल्याण्डमा सिर्जना गरिएको थियो। यसको शताब्दी कार्यक्रम २०११ मा मनाइएको थियो। त्यसैले विश्वले मार्च ८ मा अन्तर्राष्ट्रिय महिला दिवस मनाउँने गर्दछ।

**कार्यक्रम संचालन स्थान** लिखु तामाकोशी गाउँपालिका महिला बालबालिका तथा जेष्ट नागरिक शाको आयोजनामा झट्टेशवर मा.वि.को प्राङ्गडमा हुनेछ ।

## लक्षित समूह

आज १ सय तेह्रौ अन्तर्राष्ट्रि महिला दिवस विभिन्न कार्यक्रको आयोजना गर्दै मनाइदै छ । हरेक वर्ष मार्च ८ तारिखका दिन अन्तर्राष्ट्रिय श्रमिक महिला दिवस मनाउने गरिन्छ ।

नारी मुक्ति आन्दोलनकी प्रणेता क्लारा जेट्कीनले सन् १९११ मार्च ८ मा महिला कामदारमाथि भएको श्रम शोषणका विरुद्ध आवाज उठाएको दिनको स्मरणमा विश्वभर अन्तर्राष्ट्रिय श्रमिक महिला दिवस मनाउन सुरु गरिएको हो यस कार्यक्रमबाट महिला हक हित तथा अधिकारका बिषयमा विचार विमर्ष हुनेछ ।

# परिच्छेद दुईः उद्देश्य

## २. कार्यक्रमका लक्ष्य तथा उद्देश्य

- नारी दिवसका अवसरमा नारी क्षमता विकासका कार्यक्रम कार्यान्वयन कार्यमा सघाउ पुराउनु
- नारीलाई सक्षम बनाउने, समर्थ बनाउने, उसलाई अधिकार दिलाउने
- सबै जना साथ भएर नारी प्रतिको पूर्वाग्रह तोड्ने र समानताको आवाज बलियो बनाउने
- सरोकारवालाहरुको सक्रिय सहभागिता सुनिश्चित गर्ने ।

***हामी सबैको सोच तपशिलको नारा बमोजिम हुनेछ ।***

***व्यक्तिगत रूपमा, हामी सबै हाम्रा आफ्नै विचार र कार्यहरूको लागि जिम्मेवार छौँ ।***
***हामी हाम्रो समुदायमा पूर्वाग्रह तोड्न सक्छौँ।***
***हामी हाम्रो कार्यस्थलहरूमा पूर्वाग्रह तोड्न सक्छौँ।***
***हामी हाम्रा स्कुल, कलेज र विश्वविद्यालयहरूमा पूर्वाग्रह तोड्न सक्छौँ।***
***सँगै, हामी सबै पूर्वाग्रह तोड्न सक्छौँ***

# परिच्छेद तीनःलोकगित गायन कार्यक्रम सञ्चालन तथा स्थानः

**कार्यक्रम सञ्चालन हुने स्थान**

यो कार्यक्रम लिखु तमाकोशी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयमा सञ्चालन गरिने छ ।

**अपेक्षित उपलब्धी :**

यस कार्यक्रम संचालन हुने स्थानमा महिला अधिकारका बिषय आवाज वुलन्द हुनका साथै नारी हक अधिकारको बारेमा समाजमा चेतना विस्तार गर्नुका साथै महिला क्षमता विकासमा सघाउ पग्ने छ । हाम्रो संस्कृति तथा संस्कार विकास तथा प्रवर्द्धन हुने ।

## परिच्छेद चार: लोक गायन कार्यक्रम सञ्चालन विधि

## कार्यक्रम मुल्याङ्कनकर्तासंग सम्झौता र पारिश्रमिकको व्यवस्था

## परिच्छेद:पाँच कार्यक्रमका विजेतालाई पुरस्कारको व्यवस्था

राष्ट्रिय महिला आयोगले ११३ औं अन्तर्राष्ट्रिय महिला दिवसको उपलक्ष्यमा बालिकामाथि हुने यौनजन्य दुर्व्यवहार र यौन हिंसाको कारण, चुनौती र समस्या समाधानका उपाय विषयक पालिका स्तरीय लोक दोहोरी प्रतियोगिता २०७९ फागुन २४ गते संचालन गरिनेछ
लिखु तामाकोशी गाउँपालिकाका १४ आमा समुहबाट कला प्रस्तुत गर्नेछन।
हरेक सहभागीलाई छ मिनेट समय उपलब्ध गराउनेछ
विजेताहरु:
प्रथम स्थान:
नगद पुरस्कार: रु. १०,०००
दोस्रो स्थान: श
नगद पुरस्कार: रु. ७,०००
तेस्रो स्थान:
नगद पुरस्कार: रु. ५,०००
सान्त्वना:
नगद पुरस्कार: रु. २,०००
विजेतालाई सोहि दिन पुरस्कृत गरिनेछ।

## कार्यक्रमका निर्णायक मण्डल:

**श्री**

**श्री**

## परिच्छेदः छ  कार्यक्रममा देखिन सक्ने समस्याहरू

- महात्वाकांक्षी योजनाहरु तर्जुमा गरिए जसलाई कार्यान्वयनमा उतार्न सकिएन।
- लोक गायन कार्यक्रम कार्यान्वयनको लागि समयमा श्रोत साधन उपलब्ध नहुनु।
- जोखिम लिने क्षमता नहुनु।–
- उत्तरदायित्व तथा जवाफदेहिताको प्रभावकारी संयन्त्र नहुनु।
- पुरस्कार, सुधार तथा दण्डको व्यवस्था प्रभावकारी नहुनु।
- अधिकार प्रत्यायोजनको अभाव हुनु।
- कार्यक्रमको स्वामित्व कार्यान्वयन गर्ने निकायले नलिनु, शाखाले बनाएको योजना भनेर अन्य सम्वन्धित सरोकारवाला निकाय पञ्छिने प्रवृत्ति हुनु।
- कार्यक्रम कार्यान्वयन गर्ने औजारको रुपमा रहेका,बिषय लामो र झन्झटिलो प्रकृया,अन्य जिम्मेवार कर्मचारीको अभाव, अन्तर शाखा समन्वयको अभाव आदि समस्याहरु झेल्नुपर्न सक्छ।

## परिच्छेदःसात कार्यक्रममा भएका समस्या समाधानका उपायहरु

- **क्षेत्रगत तथा शाखागत नतिजामूलक कार्ययोजना बनाई कार्यान्वयन गर्ने।**
- **कार्यक्रम कार्यान्वयनको लागि समयमा श्रोत साधन उपलब्ध गराउने।**
- **लक्ष्य तथा परिलक्ष्य हासिल गर्ने सम्बन्धित निकाय, पदाधिकारी तथा कर्मचारीको क्षमता अभिवृद्धि गर्ने**
- **सरोकारवालाहरुको सक्रिय सहभागिता सुनिश्चित गर्ने।**
- **उत्तरदायित्व तथा जवाफदेहिता निर्वाहको प्रभावकारी संयन्त्र निर्माण गर्ने।**
- **पुरस्कार, सुधार तथा दण्डको व्यवस्था प्रभावकारी बनाउने।**
- **नतिजामूलक तथा सुधारात्मक अनुगमन एवं मूल्यांकन व्यवस्थालाई नियमित र प्रभावकारी बनाउने।**
- **शाखागत  तथा जिम्मेवार कर्मचारीलाई कार्य सम्पादनस्तर राम्रो भएसम्म अवधि नपुगी जिम्मेवारी फेरबदल,सरुवा नगर्ने**
- **सरोकारवाला निकायहरुबीच प्रभावकारी समन्वयको व्यवस्था गर्ने।**

## परिच्छेद  आठ कार्यक्रम सहजिकरण समिति

गाउँपालिकाले नारी दिवसको अवसरमा आयोजना गरेको लोक गायन कार्यक्रमलाई प्रभावकारी बनाउन तपसिल बमोजिमको सहजिकरण समिति रहेको थियो ।

**तपसिलः**

- **संयोजकःदिपा पाख्रिन**
- **सदस्यःसुमित्रा बस्नेत**
- **सदस्यःसुमित्रा लामा**

## परिच्छेदःनौ कार्यक्रमको प्रस्तावित खर्च लागत अनुमान

### कार्यक्रमको रुपरेखा र अनुमानित लागत

| क्र.स. | खर्च शीर्षक | परिमाण | दर | लागत रकम | दिन | कै. |
|---|---|---|---|---|---|---|
| १. | पुरस्कार खर्च | प्रथम,दोस्रो,तेस्रो र सान्त्वना | | २४,०००\- | १ दिन | |
| २. | सहभागी भत्ता खर्च | कार्यक्रम सहभागी कर्मचारी तथा अन्य | १००० | १६०००\- | | |
| ३. | सहभागी आमा समुह यातायात खर्च | सहभागिहरु सबै | २०० | १००००\- | | |
| ४. | खाजा पानी खर्च | सहभागी सवै | २०० | २०,०००\- | | |
| ५. | मुल्याङ्कन कर्ता पारिश्रमिक | २ जना | ५००० | १०,०००\- | | |
| ६. | अन्य व्यवस्थापन खर्च | सहभागी सवै | | २००००\- | | |

**जम्मा  १,००,०००**

# परिच्छेदः दश  कार्यक्रमको अवसरमा  निष्कर्ष

संविधानकको मर्म अनुसार तनै तहको निर्वाचन पश्चात स्थानीय सरकारमा महिला सहभागि पनि भएका छन् । संघ, प्रदेश, स्थानीय तहमा महिलाको उपस्थिति बाक्लै देखिन्छ तर उनीहरुको कुरा कही पनि सुनुवाई नभएको धेरै उदाहरण छन् । निर्णायक प्रक्रियामा महिलालाई सहभागि नै गराइदैंन, सहभागी भए पनि उनीहरुको कुराको त्यहा कुनै महत्व नै हुदैन । नेपाली महिलाका लागि नेपालको संविधान उदार रहे पनि यसको कार्यान्वयन पक्ष फितलो रहदा महिला पुरुषको तुलनामा पछि नै परेको महिला पत्रकारको छाता संगठन सञ्चारिका समूहकी अध्यक्ष नितु पण्डित बताउनुहुन्छ । पण्डित भन्नुहुन्छ – नेपालको संविधान सकारात्मक छ, त्यसै अनुसार कानुन पनि परिवर्तन हुने प्रक्रियामा छन् । नागरिकताकै विषयमा कानुनमा महिला अधिकार उल्लेख भए पनि कार्यान्वयन पक्ष फितलो रहेको उहाको भनाई छ । पहिलेको तुलनामा महिलालाई हेर्ने दृष्टिकोण धेरै नै परिवर्तन भएका छन् । समयसंगसंगै परिवर्तन भए पनि मानसिकता भने परिवर्तन हुन नसकेको उहाँ बताउनुहुन्छ । आमाहरुको पालामा महिला घरभित्रै सिमित रहनु पर्छ भन्ने सोचाई परिवर्तन भएर धेरै संख्यामा घर बाहिर निस्कन थाले पनि कार्य स्थल, कार्य स्थलमा गरिने व्यवहार भने यथावत रहेको उहाँको भनाई छ ।

एउटै कार्यालयमा काम गर्ने महिला र पुरुषमाथि हेर्ने दृष्टिकोण नै फरक रहेको उहाँको अनुभव छ । महिला र पुरुष कमृचारीको काम गर्ने क्षँमता उत्तिकै भए पनि पुरुषलाई नै प्राथमिकतामा राख्ने प्रवृति हाम्रो समाजमा अझै पनि विद्यमान छ । शारीरिक परिश्रम गर्नुपर्ने क्षेत्रमा त अझ महिला र पुरुषबीच ठुलै खाडल रहेको छ ।

एउटै काम गर्ने महिला र पुरुषबीचको ज्याला नै थोर बहुत हुने गरेको पाइन्छ । त्यतिकैमा महिला कामदारले  एक, दुई सय कम नै पाउछन् भने पुरुष कामदारले महिलाले पाउने भन्दा धेरै नै ज्याला पाइरहेका थुप्रै उदाहरणहरु छन् । प्रतिष्पर्धाको बजारमा महिलाहरु उत्रिसकेका बेला विचरा भन्ने दृष्टिकोणबाट हेरिने महिलामाथिको धारणा परिवर्तन हुन जरुरी छ । महिलालाई पारिवारिक, सामाजिक, आर्थिक, हरेक पक्षले बा‘‘धेर राख्ने हुनाले पनि खुलेर बाहिर आउन सकिरहेका हुदैनन् । उनीहरुलाई स्वतन्त्र रुपमा बाहिर आउनका लागि यस्ता एक दुईवटा फन्डेड कार्यक्रम हैन कि, घर, समाजले गर्ने व्यवहार अनि महिलालाई हेर्ने दृष्टिकोण नै परिवर्तन हुनु जरुरी छ । श्रम बजारमा जबसम्म महिला र पुरुषको श्रमलाई समान दृष्टिकोणले हेरिदैन, तबसम्म बनिएका कानुन अनि मनाइने दिवसको कुनै अर्थ रहदैन ।

| | | |
|---|---|---|
| ...................... | ...................... | .......................... |
| प्रस्ताव  तयार  पार्ने | सिफारिस  गर्ने | स्वीकृत  गर्ने |
| महिला तथा बालबालिका शाखा | गाउँपालिका उपाध्यक्ष | कार्यालय प्रमुख |